# नेपाल राष्ट्र बैंक

# प्रेस समाचार

## गभर्नर डा. खतिवडा र विश्व बैंक मिसनबीच छलफल

गभर्नर डा. युवराज खतिवडा र विश्व बैंक तथा डिएफआईडीको संयुक्त मिसनबीच २०७० मंसिर १६ गते बैंकको केन्द्रीय कार्यालय बालुवाटारमा विकास नीति कर्जा ( Development Policy Credit : DPC) को दोस्रो चरणको सुधार कार्यक्रमबारे छलफल भयो ।

DPC अन्तर्गत विद्यमान् ऐनहरूको संशोधन, वित्तीय क्षेत्र विकास रणनीति तर्जुमा, सरकारी बैंकहरूको वित्तीय सुधार एवम् निक्षेप तथा कर्जा सुरक्षण निगमको सुधार लगायतका विषयमा उहाँहरूबीच विचार विमर्श भएको थियो । DPC 1 को समयावधि समाप्त हुन लागेको र DPC 2 का लागि कार्यसूची तयार भइसकेको सन्दर्भमा सोको कार्यान्वयनका लागि गर्नुपर्ने नीतिगत र प्रक्रियागत विषयमा पनि उहाँहरूबीच छलफल भएको थियो ।

भेटमा गभर्नर डा. खतिवडाले वित्तीय क्षेत्र विकास रणनीति तर्जुमा गर्न विज्ञहरूको आवश्यकता रहेको बताउँदै विमा तथा धितोपत्र बजारको विकासलाई पनि सँगसँगै लैजानुपर्ने आवश्यकता औँल्याउनुभयो । साथै, नेपालको वित्तीय बजारमा बचत तथा ऋण सहकारीहरूको वित्तीय कारोवारको अंश करिब २० प्रतिशत रहेको सन्दर्भमा यस क्षेत्रको सुधारका लागि कानुनको तर्जुमा, संशोधन, नियमन र सुपरिवेक्षण प्रक्रियामा सुधार गर्नु अहिलेको प्रमुख आवश्यकता रहेको उहाँले स्पष्ट पार्नुभयो । यस सन्दर्भमा नेपालका लागि आवश्यक पर्ने प्राविधिक सहायता (Technical Assistance) को विषयमा उहाँहरूबीच छलफल भएको थियो । सो अवसरमा गभर्नर डा. खतिवडाले वित्तीय क्षेत्रको विकास तथा स्थायित्वका निमित्त वित्तीय क्षेत्र विकास रणनीति तर्जुमा गर्ने कार्यका लागि अर्थ मन्त्रालयमा उच्च स्तरीय समिति गठन भइसकेको र यस बैंकको पहलमा बैंकिङ क्षेत्र सम्बन्धित विषयमा भने कार्य अगाडि बढिसकेको जानकारी दिनुभएको थियो ।

सरकारी स्वामित्वको नेपाल बैंक लि.को स्वामित्व केही समयमै हस्तान्तरण हुने जानकारी दिँदै गभर्नर डा. खतिवडाले बैंकको पुँजी पर्याप्तता अनुपात सकारात्मक भएको र यसमा थप प्रगति हुँदै जाने विश्वास व्यक्त गर्नुभयो । साथै, राष्ट्रिय वाणिज्य बैंकको स्वीकृत पुँजीयोजना कार्यान्वयन भइरहेको र सो बैंकको पुँजी कोषसमेत सकारात्मक भएको जानकारी दिँदै उहाँले नेपालको वित्तीय क्षेत्र स्थायित्वको दिशामा थप प्रगति भइरहेको तथा वित्तीय अपराध नियन्त्रण तथा न्यायिक क्षेत्रमा दक्षता अभिवृद्धिको आवश्यकता रहेकाले यस दिशामा आगामी दिनमा थप प्रगति हुने विश्वास व्यक्त गर्नुभयो ।

गभर्नरको कार्यालय

२०७० मंसिर १७ गते, सोमबार